सूचना B, आर्थिक वर्ष 2026 (लिखित आवेदन)

# विद्यालयहरूको अध्ययन सहायता रकमको लिखित आवेदन बारेमा

उच्च माध्यमिक तहका विद्यालयहरूको अध्ययन शुल्क सहायता प्रणालीको संशोधनद्वारा आयमा हदबन्दी खारेज गरी, धेरै व्यक्तिहरूले अध्ययन शुल्कको सहायता प्राप्त गर्न सक्ने भएका छन्।

उच्च मा.वि. अध्ययन शुल्कको भुक्तानी गर्न नपर्ने हुनको लागि आवेदन दिनुपर्ने हुन्छ।
यो जानकारी अनुसार महिना तारिखसम्ममा विद्यालय कार्यकक्षमा आवेदन दिनुहोस्।

## ◆ प्रणालीको विस्तृत विवरण

◆ उच्च माध्यमिक तहका विद्यालयहरूको अध्ययन सहायता रकमको आवेदन दिइ, प्रमाणीत भएमा अध्ययन शुल्क भुक्तानी गर्नु नपर्ने हुनजान्छ।

◆ दायरामा पर्ने विद्यार्थी

उच्च माध्यमिक तहका विद्यालयहरूमा अध्ययनरत रही, जापान राष्ट्र भित्र ठेगाना भएका व्यक्ति मध्ये, ① वा ②~⑤ मध्येका कुनै एकमा पर्ने व्यक्ति*

① जापानी राष्ट्रियता भएको व्यक्ति

<जापानी राष्ट्रियता नभएको तर तलका बुँदामा पर्ने व्यक्ति (मेल खाने उदाहरण P3 हेर्ने)>

② स्पेशल पर्मानेन्ट रेसिडेन्ट कार्ड पाएको व्यक्ति

③ पर्मानेन्ट रेसिडेन्ट कार्ड पाएको व्यक्ति, जापानी नागरिकको जहानहरू, पर्मानेन्ट रेसिडेन्टको जहानहरू

④ लङ्ग टर्म रेसिडेन्ट कार्ड पाएको व्यक्ति (भविष्यमा स्थायी बसोबास गर्ने इरादा भएको भनी अनुमोदित व्यक्ति)

⑤ पारिवारिक भिसा (जापानको प्राथमिक विद्यालय एवम् माध्यमिक विद्यालय पास भएको व्यक्ति जसले उच्च मा.वि.आदि पास गरेपछि, जापानमा काम गरेर घरजम गर्ने इरादा छ भएको भनी अनुमोदित व्यक्ति)

* अगाडि अध्ययनरत विद्यालय भएको र उच्च माध्यमिक तहका विद्यालयहरूमा अध्ययनरत अवधि जोड्दा कुल 36 महिना (निर्धारित समय प्रणाली, सञ्चार प्रणालीमा अध्ययनरत गरेको खण्डमा 48 महिना) भन्दा बढी भएका विद्यार्थी लाभ प्रदानको दायरामा पर्ने छैनन्।

◆ भुक्तानी प्राप्त गर्नका लागि

अध्ययनरत विद्यालयको कार्यकक्षमा उच्च माध्यमिक तहका विद्यालयहरूको अध्ययन सहायता रकमको आवेदन दिनुहोस्।

## ◆ आवेदन विधि

ढाँचा फाराम 1 को 1 "उच्च माध्यमिक तहका विद्यालयहरूको अध्ययन सहायता रकम प्राप्ति योग्यता प्रमाणीकरण आवेदन फाराम" (अध्ययन सहायता रकमको प्रमाणीकरण प्राप्त गरेको विद्यालयमा अध्ययनरत विद्यार्थीले, ढाँचा फाराम 1 को 2 "उच्च माध्यमिक तहका विद्यालयहरूको अध्ययन सहायता रकम प्राप्ति योग्यता पुष्टि आवेदन फाराम")मा, तलका कागजात संलग्न गरेर (कागजात टाँस्ने कागजमा टाँसेर) विद्यालयको कार्यकक्षमा पेस गर्नुहोस्।

◆ आवश्यक कागजात (विद्यार्थीको तलका मध्ये कुनै एक कागजात। जापानी राष्ट्रियता छ भने, संलग्न गर्नु नपर्ने)

☐बसोबास पत्र (ज्युमिन ह्योउ)को प्रतिलिपि (सक्कल)

☐स्पेशल पर्मानेन्ट रेसिडेन्ट कार्डको प्रतिलिपि (फोटोकपी)

☐जाइर्यू कार्डको प्रतिलिपि (फोटोकपी)

☐(पारिवारिक भिसा भएको व्यक्तिले सँगै पेस गर्ने) जापानको प्राथमिक विद्यालय एवम् माध्यमिक विद्यालयको दीक्षित (सोचुग्योउ स्योउस्यो) प्रमाणपत्रको प्रतिलिपि अथवा दीक्षित (सोचुग्योउ स्यउमेइ-स्यो) प्रमाणपत्र

## ◆ प्रक्रियाको प्रवाह

अप्रिल 2026 ～ मार्च 2027 को हिस्सा

【समीक्षाको लागि आवश्यक कागजात पेस】

1 उच्च माध्यमिक तहका विद्यालयहरूको अध्ययन सहायता रकम प्राप्ति योग्यता प्रमाणीकरण आवेदन फाराम

(अध्ययन सहायता रकमको प्रमाणीकरण प्राप्त गरेको अध्ययनरत विद्यार्थीले, प्राप्ति योग्यता पुष्टि आवेदन फाराम)

2 जाइर्यू कार्ड आदिको फोटोकपी टाँस्ने कागज

(विद्यार्थीको तलका मध्ये कुनै एक कागजात टाँस्ने। जापानी राष्ट्रियता छ भने, पेस गर्नु नपर्ने)

□बसोबास पत्र (ज्युमिन ह्योउ)को प्रतिलिपि (सक्कल)
□स्पेशल पर्मानेन्ट रेसिडेन्ट कार्डको प्रतिलिपि (फोटोकपी)
□जाइर्यू कार्डको प्रतिलिपि (फोटोकपी)

(पारिवारिक भिसा भएको व्यक्तिले तलका कागजात पनि सँगै पेस गर्ने)

□जापानको प्राथमिक विद्यालय एवम् माध्यमिक विद्यालयको दीक्षित (सोचुग्योउ स्योउस्यो) प्रमाणपत्रको प्रतिलिपि अथवा दीक्षित (सोचुग्योउ स्यउमेइ-स्यो) प्रमाणपत्र

↓

**अध्ययन सहायता रकम समीक्षा**

↓

| 【नवप्रवेशी विद्यार्थी, अध्ययनरत विद्यार्थी】 | 【अध्ययनरत विद्यार्थी】 | 【अध्ययनरत विद्यार्थी】 | 【नवप्रवेशी विद्यार्थी】 |
|---|---|---|---|
| P1 "दायरामा पर्ने विद्यार्थी" भित्र पर्ने भएमा | P1 "दायरामा पर्ने विद्यार्थी" भित्र नपर्ने तर वार्षिक आम्दानी करिब 91 लाख येन भन्दा कम हुने घरपरिवार भएको अवस्थामा | P1 "दायरामा पर्ने विद्यार्थी" भित्र नपर्ने तर, वार्षिक आम्दानी करिब 91 लाख येन वा सो भन्दा बढी भएको घरपरिवारको अवस्थामा | P1 "दायरामा पर्ने विद्यार्थी" भित्र नपर्ने अवस्थामा |
| ↓ **अध्ययन सहायता रकम भुक्तानी** | ↓ **अध्ययन सहायता रकम भुक्तानी** | ↓ **अध्ययन सहायता रकम भुक्तानी नहुने*** | ↓ **अध्ययन सहायता रकम भुक्तानी नहुने*** |

**अध्ययन सहायता रकम भुक्तानी**

वास्तविकतामा हातैमा भुक्तानी गरिने नभएर, विद्यालयमा लाग्ने अध्ययन शुल्कको दाबीमा परिपूरण गर्ने कुरा हो, जसले गर्दा अध्ययन शुल्क तिर्नु नपर्ने हुन्छ।

**अध्ययन सहायता रकम भुक्तानी नहुने***

↓

समीक्षा नतिजा सूचित [हुलाक प्रेषण ✉ ]

* "दायरामा पर्ने विद्यार्थी" भित्र नपरेको र अध्ययन सहायता रकम भुक्तानी नहुन गएको अवस्थामा समेत, आम्दानीको सर्त अनुसार भुक्तानी गर्न मिल्ने सहायता रकम प्रणाली (अध्ययनलाई निरन्तरता दिने नयाँ सहायता प्रणाली) रहेको छ।

## ◆ राष्ट्रियता,बसोबास-भिसा सम्बन्धित सर्तहरू

<table>
<tr><th>वर्गीकरण</th><th colspan="2">सान्दर्भिक उदाहरण</th><th>बसोबास अवधि</th><th>सहायता रकमको भुक्तानी</th><th>(सन्दर्भ सामाग्री स्वरूप)</th></tr>
<tr><td>① जापानी राष्ट्रियता भएको व्यक्ति</td><td colspan="2">जापानी नागरिक, जापानी राष्ट्रियतामा परिवर्तन गरेका विदेशी नागरिक</td><td>-</td><td>भुक्तानीको दायरा</td><td></td></tr>
<tr><td>② स्पेशल पर्मानेन्ट रेसिडेन्ट कार्ड पाएको व्यक्ति</td><td colspan="2">स्पेशल पर्मानेन्ट रेसिडेन्टको रूपमा जापानमा बसोबास गर्ने व्यक्ति</td><td>असीमित अवधि</td><td>भुक्तानीको दायरा</td><td></td></tr>
<tr><td rowspan="3">③ पर्मानेन्ट रेसिडेन्ट कार्ड पाएको व्यक्ति आदि</td><td>पर्मानेन्ट रेसिडेन्ट कार्ड पाएको व्यक्ति</td><td>कानुन मन्त्रीबाट पर्मानेन्ट रेसिडेन्टको अनुमति पाएका व्यक्ति</td><td>असीमित अवधि</td><td rowspan="3">भुक्तानीको दायरा</td><td rowspan="3"></td></tr>
<tr><td>जापानी नागरिकका जहान आदि</td><td>जापानी नागरिकको जहान, सन्तान तथा विशेष धर्मपुत्र/पुत्री</td><td>5 वर्ष, 3 वर्ष, 1 वर्ष अथवा 6 महिना</td></tr>
<tr><td>पर्मानेन्ट रेसिडेन्ट कार्ड पाएको व्यक्तिका जहान आदि</td><td>पर्मानेन्ट रेसिडेन्ट, स्पेशल पर्मानेन्ट रेसिडेन्टको जहान एवम् जापानमा जन्मिएर निरन्तर बसोबास गरिरहेका तिनका सन्तान</td><td>5 वर्ष, 3 वर्ष, 1 वर्ष अथवा 6 महिना</td></tr>
<tr><td>④ लङ्ग-टर्म रेसिडेन्ट</td><td colspan="2">कानुन मन्त्रीले विशेष कारणहरूलाई मध्यनजर गर्दै एक निश्चित बसोबास अवधि तोकेर बसोबास गर्न अनुमति दिइएका व्यक्ति (तेस्रो मुलुक पुनर्वास शरणार्थी, जापानी मूलका तेस्रो पुस्ता, विश्वयुद्ध ताका चीनबाट फर्कन नपाएका जापानी नागरिकका परिवार सदस्य आदि)</td><td>5 वर्ष, 3 वर्ष, 1 वर्ष, 6 महिना अथवा कानुन मन्त्रीले हरेकलाई भिन्न-भिन्न निर्दिष्ट गर्ने अवधि (5 वर्ष ननाघ्ने परिधिमा)</td><td>लङ्ग टर्म रेसिडेन्ट कार्ड पाएका व्यक्तिहरू मध्ये "भविष्यमा स्थायी बसोबास गर्ने इरादा भएको भनी अनुमोदित व्यक्ति" भुक्तानीको दायरामा पर्ने</td><td rowspan="3">●नयाँ प्रणालीको दायरा बाहिर पर्ने अध्ययनरत विद्यार्थी (प्रवासी विद्यार्थी समेत)का लागि, पुरानो प्रणालीको सहायताले निरन्तरता पाउने।<br><br>●नयाँ प्रणालीको दायरा बाहिर पर्ने नवप्रवेशी विद्यार्थी (प्रवासी विद्यार्थी बाहेक)का लागि, पुरानो प्रणाली सरहको स्तरमा बजेटको प्रबन्ध गरिने।</td></tr>
<tr><td>⑤ पारिवारिक बसाइ</td><td colspan="2">प्राध्यापन, कलाकारिता लगायत भिसा लिएर बसोबास गर्ने व्यक्तिहरूमा आश्रित रहेका उनीहरूका सन्तान आदि</td><td>कानुन मन्त्रीले हरेकलाई निर्दिष्ट गर्ने अवधि (5 वर्ष भित्रको)</td><td>पारिवारिक भिसा मध्ये, "प्राथमिक विद्यालय एवम् माध्यामिक विद्यालय पास भएको व्यक्ति हुनुपर्ने छ र, उच्च मा.वि. आदि दीक्षित भएपछि, जापानमा रोजगारी गरेर स्थापित हुने इरादा भएको भनी अनुमोदित व्यक्ति" भुक्तानीको दायरामा पर्ने</td></tr>
<tr><td>⑥ दायाँ उल्लिखित बसोबास-भिसा अन्तर्गत जापानमा रहेका व्यक्ति</td><td colspan="2">・कूटनीतिज्ञ, सार्वजनिक कार्य<br>・सांस्कृतिक गतिविधि<br>・प्रवास अध्ययन, तालिम<br>・विशेष गतिविधि　इत्यादि</td><td>वर्गीकरणको विवरण अनुसार 15 दिनदेखि 5 वर्षको अवधि</td><td>लाभ प्रदानको दायरा भन्दा बाहिर</td></tr>
<tr><td colspan="6">*सबै बसोबास-भिसा प्राप्ति/ परिवर्तन/ नवीकरण गर्न कानुन मन्त्रीको स्वीकृती आवश्यक।</td></tr>
</table>

## ◆ अध्ययनलाई निरन्तरता दिने नयाँ सहायता प्रणाली, अध्ययन सहायता रकम (सङ्क्रमणकालीन प्रबन्ध) बारेमा

P1 मा उल्लेख गरिएको "दायरामा पर्ने विद्यार्थी" भित्र नपर्ने अवस्थामा, संरक्षक आदिको आयलाई तलको हिसाब सूत्र अनुसार हिसाब गरेर आएको राशि अनुसार, दायरामा पर्ने सहायताको प्रणाली फरक पर्नेछ।

【हिसाबको सुत्र】 स्थानीयवासी करको कर योग्य मानक रकम ×6% - स्थानीयवासी करको समायोजित कटौती राशि

* सरकारी अध्यादेशले तोकेको ठुला शहरको हकमा, "समायोजित कर कटौती राशि"लाई 3/4 ले गुणन गरेर हिसाब गरिने
* अध्ययन सहायता रकमको भुक्तानी लिन चाहेको विद्यार्थी प्रारम्भिक वर्षमा जन्मिएको कारणले, पालनपोषण कर-कटौतीको लागु अन्य सोही कक्षाका विद्यार्थीहरू भन्दा पनि 1 वर्ष ढिला हुने अवस्थामा (सन् 2026 जुलाईदेखि सन् 2027 जुन महिनाको हिस्साको हकमा, सन् 2010 जनवरी 2 तारिख～अप्रिल 1 तारिखको बिचमा जन्मिएका विद्यार्थी दायरामा पर्ने), संरक्षक आदिको कर योग्य मानक रकमबाट 3 लाख 30 हजार येन कर कटौती गरेको रकम प्रयोग गरी गणनाको आधार राशि निर्धारण गर्ने

| वर्गीकरण | वार्षिक आम्दानी करिब 91 लाख येन भन्दा कम भएका घरपरिवार | वार्षिक आम्दानी करिब 91 लाख येन वा बढी भएका घरपरिवार |
|---|---|---|
| नयाँ प्रणाली दायरामा नपर्ने अध्ययनरत विद्यार्थी (प्रवासी विद्यार्थी समेत) | अध्ययन सहायता रकम (सङ्क्रमणकालीन प्रबन्ध) भुक्तानी | नयाँ अध्ययन सहायता प्रणालीको रकम भुक्तानी |
| नयाँ प्रणालीको दायरामा नपर्ने नवप्रवेशी विद्यार्थी (प्रवासी विद्यार्थी बाहेक) | नयाँ अध्ययन सहायता प्रणालीको रकम भुक्तानी | |

* वार्षिक आम्दानी केवल एक अनुमानित मानक हो, र कर कटौती रकमहरू अनुसार 91 लाख येन नाघेको भएपनि प्रमाणीकरमा (दायरा भित्र पर्ने) पर्ने हुनसक्छ।

### ◆ आवेदन विधि

अध्ययन सहायता रकमको समीक्षाको क्रममा आम्दानी अवस्था सम्बन्धी सूचना दाखिला आवश्यक पर्ने विद्यार्थी र, अध्ययन सहायता रकम भुक्तानी नहुने निर्णय भएका विद्यार्थीलाई, पछि सूचना आदि वितरण गरिने हुनाले, पेस गर्नुपर्ने म्यादसम्ममा आवश्यक कागजात पेस गर्नुहोस्।

## ◆ प्रायः सोधिने प्रश्नहरू



**Q आयमा हदबन्दी हटाइएपनि आवेदन आवश्यक पर्छ त?**

A आयमा हदबन्दी खारेज गरिए पनि, नयाँ रूपमा राष्ट्रियता एवम् बसोबास-भिसा आदि हेर्नुपर्ने भएकोले आवेदन भने दिनुपर्छ।



## ◆ निम्न अवस्थामा विद्यालयको कार्यकक्षमा अनिवार्य रूपमा सम्पर्क गर्नुहोला।

◇ **ठेगानामा परिवर्तन आएको अवस्थामा**

◇ **राष्ट्रियतामा परिवर्तन आएको वा बसोबास-भिसामा परिवर्तन आएको, बसोबास-भिसाको अवधि नवीकरण आदि भएको अवस्थामा** अलगै, प्रक्रिया अपनाउनु पर्ने हुन्छ।

## ◆सन्दर्भ सामाग्री स्वरूप

① अध्ययन सहायता रकम अनलाइन आवेदन सिस्टम e-Shien

आवेदन यताबाट

② शिक्षा संस्कृति खेलकुद विज्ञान तथा प्रविधि मन्त्रालयको होमपेज

लिफलेट (पर्चा)
प्रणालीको संक्षिप्त परिचय

③ खानागावा प्रान्तीय शिक्षा परिषद्को होमपेज

समय-समयमा दिइने सूचना आदि

सोधपुछ ठेगाना खानागावा प्रान्तीय विद्यालय कार्यकक्ष टेलिफोन - -